# एकीकृत निःशुल्क कानूनी सहायता सञ्चालन कार्यविधि २०७८

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय

# एकीकृत निःशुल्कः कानूनी सहायता सञ्चालनकार्यविधि, २०७८

प्रस्तावना: नेपालको संविधानको धारा २० को उपधारा (१०) मा असमर्थ पक्षको मौलिक हकको रुपमा प्रत्याभूत गरिएको निःशुल्क कानूनी सहायता सम्बन्धी हकको सुनिश्चितता गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा जिल्ला कानूनी सहायता समितिलाई उपलब्ध गराउने सहयोगलाई व्यवस्थित तथा दोहोरो नपर्ने गरी उपलब्ध हुने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार समेतको परामर्शमा नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "एकीकृत निःशुल्क कानूनी सहायता सञ्चालन कार्यविधि २०७८" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "जिल्ला कानूनी सहायता अधिकारी" भन्नाले कानूनी सहायता उपलब्ध गराउनको लागि समितिको कर्मचारीको रुपमा नियुक्त अधिवक्ता सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले जिल्ला कानूनी सहायता समितिको कार्यालय सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्झनु पर्छ ।

(घ) "सचिवालय" भन्नाले कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ६ बमोजिमको केन्द्रीय कानूनी सहायता समितिको सचिवालय सम्झनु पर्छ ।

(ङ) "जिल्ला समिति" भन्नाले कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ७ बमोजिमको जिल्ला कानूनी सहायता समिति सम्झनु पर्छ ।

(च) "सहयोग" भन्नाले प्रदेश सरकारबाट जिल्ला समितिको कार्यालयको व्यवस्थापन र सञ्चालनको लागि आवश्यक पर्ने भौतिक स्रोत लगायत सहायकस्तरको कर्मचारीको पारिश्रमिकको लागि उपलब्ध गराइने आर्थिक सहयोग सम्झनु पर्छ।

३. जिल्ला कानूनी सहायता अधिकारी सम्बन्धी व्यवस्था : (१) असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्लाको मुद्दा संख्याको आधारमा केन्द्रीय कानूनी सहायता समितिले तोकेको जिल्लामा जिल्ला कानूनी सहायता अधिकारी रहनेछ।

(२) पछिल्लो तीन वर्षको औषतबाट वार्षिक दुई हजारभन्दा बढी मुद्दा हुने जिल्ला अदालत वा उच्च अदालत र जिल्ला अदालत दुवै रहेको जिल्लाको जिल्ला समितिलाई निःशुल्क कानूनी सहायता प्रदान गर्ने कार्यमा सहयोग पुर्याईउन प्रदेश सरकारले आफैले पारिश्रमिक व्यहोर्ने गरी थप जिल्ला कानूनी सहायता अधिकारी करारमा नियुक्त गरी जिल्ला समितिमा राख्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश सरकारले थप कानूनी सहायता अधिकारी राख्न चाहेमा त्यसरी राखिने कानूनी सहायता अधिकारीको छनौट, सिफारिस, नियुक्ति एवं निजको सेवाको शर्त सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४.	पारिश्रमिक र भौतिक स्रोत मन्त्रालयले उपलब्ध गराउनेः  मन्त्रालयले केन्द्रीय कानूनी सहायता समिति मार्फत जिल्ला कानूनी सहायता अधिकारीको पारिश्रमिक र जिल्ला समितिको लागि आवश्यक कानून संग्रहका पुस्तक, कम्प्यूटर, प्रिन्टर कार्यालयलाई उपलब्ध गराउनेछ ।

५.	प्रदेश सरकारले निःशुल्क कानूनी सहायता उपलब्ध गराउन सक्ने : (१) कानूनी सहायता सम्बन्धी ऐन, २०५४ बमोजिम प्रदेश सरकारले निःशुल्क कानूनी सहायता उपलब्ध गराउन चाहेमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा कानूनी सहायता उपलब्ध गराउने निकायले केन्द्रीय कानूनी सहायता समितिसँग समन्वय गरी प्रदेशभर वा प्रदेशको कुनै वा केही जिल्लामा त्यस्तो सहायता उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा प्रदेश सरकारबाट रहने कानूनी सहायता अधिकारीको छनौट, सिफारिस, नियुक्ति एवं निजको सेवाको शर्त सम्बन्धी व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश सरकारबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराईएकोमा केन्द्रीय कानूनी सहायता समितिमार्फत उपलब्ध गराईने जनशक्ति तथा स्रोत अर्को जिल्लाको लागि उपयोग गर्न सकिनेछ ।

६.	प्रदेश सरकारले सहयोग उपलब्ध गराउन सक्ने : (१) प्रदेश सरकारले आफ्नो प्रादेशिक क्षेत्रभित्रका जिल्ला समितिलाई आवश्यक अन्य सहयोग समेत उपलब्ध गराउन सक्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमको सहयोग देहायका क्षेत्रमा उपलब्ध गराउन सक्नेछः-

(क)	कार्यालय भवन भाडाको लागि लाग्ने खर्च,
(ख)	कानूनी सहायता अधिकारीलाई सहयोग गर्ने सहयोगी वा सहायकस्तरको कर्मचारी राखिएको अवस्थामा त्यस्तो कर्मचारीको पारिश्रमिक तथा सुविधा,
(ग)	कार्यालयको लागि विद्युत, पानी र सञ्चार खर्च,
(घ)	दोहोरो नपर्ने गरी सामान्यतः कानूनका पुस्तक, कम्प्युटर तथा प्रिन्टर लगायतका यस्तै अन्य सामग्री,
(ङ)	कार्यालय सञ्चालनका लागि आवश्यक स्टेशनरी तथा मसलन्द खर्च,
(च)	कार्यालयका लागि आवश्यक फर्निचर व्यवस्थापन खर्च,
(छ)	प्रदेश सरकारले उपयुक्त ठानेका अन्य प्रकारका सहयोग ।

(३) जिल्ला कानूनी सहायता समितिको कार्यालय उपलब्ध भएसम्म नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सरकारी कार्यालयका भवनमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम उपलब्ध गराइने सहयोग प्रदेश सरकारको तोकेको निकायमार्फत उपलब्ध गराइनेछ ।

७.	शर्त वा मापदण्ड तोक्न सक्नेः (१) प्रदेश सरकारले जिल्ला समितिलाई रकम उपलब्ध गराउँदा त्यस्तो रकम खर्च गर्ने प्रक्रियाका लागि आवश्यक मापदण्ड वा शर्त निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मापदण्ड वा शर्त निर्धारण नभएको अवस्थामा प्रदेश सरकारले मासिक रुपमा देहाय बमोजिमको सहयोग उपलब्ध गराउन सक्नेछः-



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) आफ्नो कार्यालय भवन नभएको समितिलाई कार्यालय भवन भाडाको लागि बढीमा पन्ध्र हजार रुपैयाँ,

(ख) टेलिफोन तथा इन्टरनेट खर्चको लागि दुई हजार रुपैयाँ,

(ग) खानेपानीको लागि एक हजार पाँच सय रुपैयाँ,

(घ) विद्युत महशुलका लागि एक हजार रुपैयाँ ।

(३) प्रदेश सरकारले कार्यालयको सहयोगी कर्मचारीको तलब खर्च उपलब्ध गराउँदा नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी तलब रकम जिल्ला समितिलाई उपलब्ध गराउन सक्नेछ ।

(४) प्रदेश सरकारले यस दफा बमोजिम उपलब्ध गराउने सहयोग जिल्ला समितिको बैंक खातामा उपलब्ध गराउनेछ ।

८. <u>रकम खर्च सम्बन्धी :</u> (१) यस कार्यविधि बमोजिम नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र जिल्ला समितिले मितव्ययी रुपमा खर्च गर्नु पर्नेछ ।

(२) पारिश्रमिक बाहेकको अन्य खर्च गर्दा जिल्ला समितिको बैठकले निर्णय गरी खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खर्च सम्बन्धी निर्णय गर्ने प्रयोजनको लागि जिल्ला समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम बैठक बस्दा जिल्ला समितिको सदस्यहरुले जिल्ला समितिलाई उपलब्ध गराइएको प्रशासनिक खर्च रकमको अधीनमा रही अर्थ मन्त्रालयले तोकेको मापदण्ड बमोजिम बैठक भत्ता पाउनेछन्।

९. <u>खर्चको अभिलेखः</u> (१) यस कार्यविधि बमोजिम नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त गरेको रकम खर्च गर्दा खर्चको अभिलेख जिल्ला कानूनी सहायता अधिकारीले राखु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्चको अभिलेख राख्दा दफा ४ बमोजिमको खर्चको बील, भर्पाई सहित खर्च सम्बन्धी कागजात संलग्न गर्नु पर्नेछ ।

१०. <u>लेखा परीक्षण गराउने</u> (१) प्रत्येक आर्थिक वर्षमा भएको जिल्ला समितिको खर्चको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखा परीक्षण प्रतिवेदन सचिवालय र प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पठाउनु पर्नेछ।

११. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) यस कार्यविधि बमोजिमको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार प्रदेश सरकारबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्ने कार्यमा सहजीकरण गर्नु जिल्ला समितिको कर्तव्य हुनेछ ।

(३) यस दफा बमोजिम अनुगमन गर्दा यस कार्यविधि बमोजिम भएको नपाइएमा प्रदेश सरकारले सम्बन्धित जिल्ला समितिलाई सचेत गराउन सक्नेछ ।

(४) प्रदेश सरकारबाट अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यालयको व्यवस्थापन, खर्च तथा भुक्तानीको कार्य सन्तोषजनक पाइएमा सम्बन्धित जिल्ला समितिलाई प्रोत्साहनस्वरुप यस

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कार्यविधिमा उल्लिखित सहयोगका अतिरिक्त कार्यालय व्यवस्थापनका अन्य क्षेत्रमा थप सहयोग गर्न सक्नेछ ।

१२. प्रतिवेदन पेश गर्ने : (१) जिल्ला समितिले आफूले प्रत्येक महिनामा सम्पादन गरेको कामको प्रगति विवरण अनुसूची बमोजिमको ढाँचामा तयार गरी त्यस्तो महिना समाप्त भएपछिको अर्को महिनाको पाँच गतेभित्र सचिवालयमा पठाउनु पर्नेछ ।

(२) जिल्ला समितिले बार्षिक रुपमा आफूले सम्पादन गरेका कामको देहाय बमोजिमका विवरण खुलाई बार्षिक प्रतिवेदन तयार गरी सो को एक एक प्रति मन्त्रालय र प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछः-

(क) पक्षको लागि मुद्दाको मस्यौदा तयारी, दर्ता तथा लिखित जवाफ पठाइएको विवरण,

(ख) पक्षलाई कानूनी परामर्श दिइएको संख्या,

(ग) पक्षको तर्फबाट अदालतमा बहस पैरवी गरिएको विवरण,

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको रकमको खर्च तथा भुक्तानीको विवरण,

(ङ) प्रतिवेदनमा समावेश गर्नु पर्ने अन्य आवश्यक विवरण ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा सचिवालयले प्रत्येक महिनामा जिल्ला कानूनी सहायता समितिबाट सम्पादन भएका कामहरुको एकीकृत प्रगति प्रतिवेदन तयार गरी हरेक महिनाको पन्ध्र गते भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदनको एकप्रति सचिवालयमा समेत पठाउनु पर्नेछ र सचिवालयले सबै जिल्लाबाट प्राप्त प्रतिवेदन एकीकृत एवं अद्यावधिक गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. दोहोरो रकम उपलब्ध नगराइने : (१) जिल्ला समितिलाई एउटै शीर्षकमा नेपाल सरकार तथा प्रदेश सरकारबाट दोहोरो पर्नेगरी सहयोग उपलब्ध गराइने छैन ।

(२) जिल्ला समितिले नेपाल सरकार तथा प्रदेश सरकारबाट एकै शीर्षकमा दोहोरो सहयोग प्राप्त भएमा सो को जानकारी मन्त्रालय तथा प्रदेश सरकारलाई गराउनु पर्नेछ ।

१४. स्थानीय तहले खर्च उपलब्ध गराउन सक्ने : सम्बन्धित स्थानीय तहले निःशुल्क कानूनी सहायता प्राप्तिको लागि वा त्यस्तो सहायता प्राप्त गरी मुद्दा मामिला गर्दा स्थानीय तहबाट सदरमुकामसम्म जाँदा वा फर्कदाको खर्च व्यहोर्न नसक्ने असमर्थ पक्षलाई त्यसरी यात्रा गर्दाको यातायात खर्च, बास खर्च र खाना खर्च वापत लाग्ने खर्च रकम सहायतास्वरुप उपलब्ध गराउन सक्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची

दफा ११ को उपदफा (१) सँग सम्बन्धित

त्रैमासिक प्रतिवेदन पेश गर्ने ढाँचा

## जिल्ला कानूनी सहायता समिति ................

............................मन्त्रालय ,

.......................................।

विषयः त्रैमासिक प्रगति विवरण पठाएको ।

जिल्ला कानूनी सहायता समिति ...... बाट २०....... सालको ............. महिना गरी तीन महिनामा उपलब्ध गराईएको निःशुल्क कानूनी सहायता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः-

| क्र. सं. | मुद्दाको नाम | मुद्दा रहेको अदालत वा अर्धन्यायिक निकायको नाम | निःशुल्क कानूनी सहायता उपलब्ध गराईएको पक्षको नाम थर | लिङ्ग | | सुमदायगत विवरण | उपलब्ध गराईएको सेवा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | सम्बन्धित समुदाय उल्लेख गर्ने | परामर्श | लिखत तयारी | अदालतमा प्रतिनिधित्व |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | कुल संख्या | | | | | | |
| | | | निःशुल्क कानूनी सहायता प्रदान गरिएका मुद्दाको कुल जम्मा संख्या (कानूनी परामर्श+लिखत तयारी + प्रतिनिधित्व) | | | | | | |
| | | | | | | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय